लोकसेवा आयोग

कम्युनिकेशन /सिभिल/कम्प्युटर/इलेक्ट्रिकल, टेलिकम/सिभिल, सातौं टेलिकम इन्जिनियर/इन्जिनियर पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:२०७९/०३/०९

पत्र: प्रथम

समय:२ घण्टा १५ मिनेट | पूर्णाङ्क:१००

विषय: General Subject

Part "B": Management & Institutional Awareness

१. नेतृत्व (Leadership) भन्नाले के बुझ्नुहुन्छ? सांगठनिक सफलता प्राप्तीको लागि नेतृत्वले अवलम्बन गर्नुपर्ने रणनीतिहरु उल्लेख गर्नुहोस् । २+३=५

२. द्वन्द्व व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ? नेपालमा विद्यमान संस्थागत सम्बन्ध (Corporate Relations) को सन्दर्भमा द्वन्द्वका कारणहरु उल्लेख गर्नुहोस् । २+३=५

३. नेपालको सन्दर्भमा आयोजना जीवनचक्र (Project of Life Circle) को कुन -कुन तहमा कमजोरी रहेको पाउनुहुन्छ?समयमै आयोजना सम्पन्न गर्ने पद्धति बसाल्न कुन-कुन के-कस्तो भूमिका निभाउनु पर्ला? आफ्नो भनाई प्रष्ट पार्नुहोस् । २+३=५

४. व्यसायिक रणनैतिक योजना (Business Strategic Planning) को महत्व दर्शाउँदै व्यवसायिक सफलताको लागि रणनीतिक योजनाले कसरी सहयोग पुर्याउँछ? प्रष्ट पार्नुहोस् । २.५+२.५=५

५. लागत लाभ विश्लेषण (Cost Benefit Analysis) भन्नाले के बुझ्नुहुन्छ? यसको महत्वबारे संक्षेपमा उल्लेख गर्नुहोस् । ५

६. जोखिम विश्लेषणका विभिन्न पक्षहरुको सम्बन्धमा चर्चा गर्दै व्यवासायिक सफलताका आधारहरुको सम्बन्धमा समेत उल्लेख गर्नुहोस् । ५

७. नेपाल दुरसञ्चार कम्पनी लिमिटेड कस्तो संस्था हो? यसको संगठानात्मक संरचना के-कस्तो रहेको छ?विद्यमान संगठनात्मक संरचनामा कुनै परिवर्तनको आवश्यकता छ/छैन? तथ्यसहित उल्लेख गर्नुहोस्। ५

८. नेपाल दुरसञ्चार कम्पनी लिमिटेडले प्रवाह गर्दै आइरहेको सेवाका प्रकारहरु संक्षेपमा उल्लेख गर्नुहोस् । ५

९. नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ ले कम्पनीमा कर्मचारी कस्तो अवस्थामा संस्थाबाट स्वत अवकाश हुने व्यवस्था गरेको छ ? ५

१०. भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारलाई कसरी परिभाषित गरेको छ?उल्लेख गर्नुहोस्। ५

समाप्त